(कथा)

# मेटिएका पीडाहरु

-उज्ज्वल जी.सी.

दुर्बल आर्थिक अवस्थाका कारण जमुनाले कहिल्यै आफ्ना साथीभाइहरुसरह दाँजिएर हिँड्न सकेकी थिइन । बचपनका दिनहरु सुखको छहारीमा बिते पनि दश वर्षकी कलिलै उमेरमा आफ्नी आमाको न्यानो मायाबाट बञ्चित भइ सौतेनी आमाको चिसो काखमा हुर्कनु परेकीले उनको शारीरिक संरचना त्यति हिस्सी परेको देखिँदैनथ्यो । स्कुल जाँदा झोलामा किताव-कापी बाहेक खल्तीमा एक मोहर पनि नहुने भएकोले टिफिन टाइममा साथीहरु खानेकुरा खान थालेपछि जमुना कक्षा कोठाबाट लुरुक्क निस्केर एकान्तमा आफ्नी आमाको अगाध ममता सम्झदै धुरुधुरु रुने गर्थी । दिनभरको भोको पेट लिएर घर फर्केपछि सौतेनी आमाको कडा आदेश पालना गर्दै भाँडा माझ्नु पर्ने, कुचो लगाउनु पर्ने, घर पुछ्नु पर्ने आदि इत्यादि कामहरुले उनको शरीर दिन प्रतिदिन टाक्सिँदै गएको थियो ।

मिल्ने साथी भनाउँदाहरु 'जमुनालाई टी.बी. लागेको छ । सँगै हिँड्न हुँदैन है !' भन्दै बोल्नसमेत हिच्किचाउन थालेकाले उनको छातीभित्र नैराश्यको कालो बादल ढपक्क ढाकेको थियो । बिहानको घरधन्दा सकि मैलो लुगा लगाएर स्कुल गए पनि बेलुकी भ्याउनु पर्ने कामहरुको सम्झनाले पढाएका कुराहरु मस्तिष्कभित्र घुसाउन ज्यादै कठिन पर्थ्यो । सौतेनी आमाको दुर्मतिले गृहकार्य गर्ने फुर्सद समेत नपाउँदा समय-समयमा कक्षा कोठाको बेञ्चमा ठिङ्ग उभिनु पर्थ्यो उनलाई । आफ्नो विवशता अभिव्यक्त गर्न नसक्नुका कारण 'जमुना अब भोलिदेखि स्कुल नआए पनि हुन्छ' भन्ने कटुवाक्य तीनचारजना शिक्षिकाहरुका मुखबाट निक्लेता पनि घरमा आफ्नो बृद्ध बाबुलाई सुनाउन सकेकी थिइन । हो, पचासौंपल्ट बाबुले उनको कुरामा सौतेनी आमाबाट हप्काई खानुपरेको यथार्थले उनलाई सधैँ तर्साइरहन्थ्यो । त्यसैले जे जस्तै समस्याहरु पनि मनभित्रै लुकाई राख्नु बाहेक अन्य विकल्प थिएन-उनको ।

सौतेनी आमाले उनका बाबुलाई हाट बजारमा बाँदर नचाएर हिँड्नेलेजस्तै नचाएर,तर्साएर राखेकी थिई । त्यसैले सौतेनी आमाको इशारा बेगर कुनैकुरा बोल्न र गर्न उनको बाबुलाई त्यति सरल थिएन । कहिलेकाहीँ जमुनाको कष्टप्रद भोगाइहरुप्रति बाबुले स्नेहयुक्त दुईशब्द पोख्न थाले भने रिसले मुर्मुरिँदै माइत गएर हप्तौं बिताइदिन्थी - सौतेनी आमा । उनका बाबु बुढेसकालमा 'न श्रीमती त्यागूँ न छोरीको दुर्दशा हेरेर बसूँ' भन्ने द्विविधामा पिल्सिएर बसेका थिए ।

जिन्दगीका कठिन यात्राहरु संघर्ष गर्दै जमुनाले पच्चिसौं शिशिर काटिसकी । सौतनी आमाको क्यान्सरले मृत्यु भएको पनि झण्डै डेढ वर्ष भइसक्यो ।
एकातिर बृद्ध बाबुको पत्नी वियोगले भ्याउरिएको मुहार अर्कोतिर आफ्नो अन्धकार भविष्य सम्झदा जमुनालाई आगोको ज्वालामा सल्किएको अनुभूति हुँदैछ आजकाल ।
दौंतरी साथीहरु सबैका बिवाह भइसक्दा पनि कुनै केटाको घर नआउनुले प्रायशः रातहरु स्वर्गवासी आमाको अगाध वात्सल्य सम्झदै बिहानीमा परिणत हुँदैछन् उनको ।

नातेदार भनाउँदाहरु 'जमुना कस्ती अभागिनी रहिछ ? बचपनमा पनि धेरै सुख पाइन । जवानी बित्न लागिसक्दा पनि आजसम्म बिहे हुन सकेन । सायद आफ्नी आमा भएकी भए त बिचरीको घरजम भएर पनि २/४ जना छोराछोरीहरु भैसक्थे' भन्दै उनको मन पगाली दिने गर्छन् । त्यसैले 'दुष्कर्मी नातेदारहरुका अगाडि कुनै केटासँग बिवाह भैदिए सुखदुःख जे जसरी भए पनि जिन्दगी बिताएर देखाई दिनुहुन्थ्यो' भन्ने भावनाहरु कहिलेकाहीँ मनभित्र उठे पनि जवानीका आकर्षणहरु क्रमश घट्दै गएकाले त्यसै बिलाएर जान्थे ।

यथार्थमा कसैले बिवाहको कुरा उठाए मात्र भने पनि नैराश्यको तिखो सियोले घोचेको अनुभूति हुन्छ- जमुनालाई ।
समय बित्दै थियो ।

एकदिन घर नजिकका छिमेकीले जमुनाको जीवनचक्रप्रति सहानुभूति व्यक्त गर्दै भन्न थाल्यो-" जमुना ! एउटा केटो छ एस.एल.सी.सम्म पढेको । हेर्दा लायकको छ । यदि तिमीलाई मन पर्छ भने म कुरा चलाइदिन्छु । यसरी कतिदिन बस्नु ? एक्लै बसेर जिन्दगी बिताउन त अलि मुस्किलै पर्छ बाबै !"

कुरा सुनेर जमुना एकछिन टोलिएर बसिरही । जिन्दगीमा पहिलोपटक बिवाहको प्रस्ताव सुन्न पाउनु उनको लागि सौभाग्य नै थियो । त्यसैले केटाको विषयमा सोधपुछ गर्न उनले सकिन । छिमेकीले फेरि भन्यो -" ल भन ! बिवाह गर्ने कि नगर्ने ?"
घायल अतीतलाई सम्झदै जमुनाले भनी - "हुन्छ । बरु केटाले मन पराउँछ कि पराउँदैन ?"
"त्यसको कुनै चिन्ता नै लिनु पर्दैन तिमीले । सब म मिलाउँछु ।" भन्दै छिमेकीले बलियो आश्वासन दियो । जमुनाको मुहारमा अनायासै खुसीका रेखाहरु सल्बलिन थाले । उनका बृद्ध बावु पनि बिवाहको कुरा सुनेर 'मर्ने बेलामा राम्ररी सास जाने भो' भन्दै सन्तोषको सागरमा चुर्लुम्म डुब्न पुगे ।
केही दिनभित्रै जमुना र शंकरबहादुरको गान्धर्व-बिवाह सम्पन्न भयो । काठमाडौंमा घरजग्गा केही पनि नभएको शंकरबहादुरले घरज्वाइँ भएरै बस्ने अनुरोध पोख्यो । जमुना र उनका बृद्ध बाबुले 'हजुर बाहेक अरु हाम्रो को छ र ?' भन्दै सहर्ष स्वीकार गरे ।